
गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
**बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

**आर्थिक वर्ष: ५ | अंक: ४० | महिना: ४० | बैशाख २०८३**







## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा बैशाख महिनामा सम्पादीत कार्यक्रम

### OCMC सम्बन्धि अभिमुखिकरण कार्यक्रम तथा (CPHE Continue Public Health Education)

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति२०८३/०१/०३ र ०४ गते स्वास्थ्यकर्मीकालागी एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ। बडीगाड गाउँपालिका, ढोरपाटन नगरपालिका, निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिका तथा ताराखोला गाउँपालिकाका २४ जना स्वास्थ्यकर्मीमाझ सम्पन्न गरिएको उक्त कार्यक्रममा लैङिक हिंसाको पहिचान, रोकथाम, प्रेशण एवम समुदाय सचेतना सम्बन्धी गर्न सकिने विभिन्न कृयाकलापबारे छलफल गरिएको थियो। औपचारिक सत्रबाट सुरुवात गरिएको उक्त कार्यक्रमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक श्री प्रवीण शर्माले गर्नुभएको थियो भने स्वागत तथा उद्देश्य मन्तव्य खोप सुपरभाइजर श्री राजु खत्रीले राख्नुभएको थियो। दुई दिनसम्म संचालन गरिएको उक्त कार्यक्रमको सहजीकरण जनस्वास्थ्य प्रशासक श्री प्रवीण शर्मा, जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे तथा धौलागिरी प्रादेशिक अस्पतालका अस्पताल नर्सिङ निरीक्षक श्री टकमाया गुरुङले गर्नुभएको थियो।

उक्त कार्यक्रमका सहभागी माझ Continue Public Health Education (CPHE) अन्तर्गत खोप सुपरभाइजर श्री राजु खत्रीले खोप अभियानमा देखिएका सुधार गर्नुपर्ने पक्षबारे सत्र संचालन गर्नुभएको थियो। यसका साथै बागलुङ नगरपालिकाका अधिकृत श्री रचना आचार्यले अल्पकालिन महिला सेवा केन्द्र, समिता घिमिरेले Digital Health Literacy, मनोसामाजिक परामर्शकर्ता श्री शिलशिला आचार्यले हिंसा पिडित लक्षित मनोसामाजिक परामर्श एवम प्रहरी निरिक्षक श्री पवित्रा कुवरले महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रबारे जानकारी प्रदान गर्नुभएको थियो।





## नसर्ने रोगको नियन्त्रण तथा रोकथाम र मानसिक स्वास्थ्य सम्वन्धी अन्तरक्रिया तथा स्क्रिनिङ शिविर

मिति २०८३।०१।४ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय,बागलुङको आयोजना ढोरपाटन नगरपालिकाको समन्वयमा ढोरपाटन नगरपालिका वडा नं ९, पाटनमा अवस्थित ढोरपाटन सामुदायिक स्वास्थ्य इकाई मा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम र मानसिक स्वास्थ्य सम्वन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरि सम्पन्न भयो । कार्यक्रममा ढोरपाटन वडा नं ९ का जनप्रतिनिधीहरु, शिक्षकहरु, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु, समाजसेविहरु, वडा नं ९ का वासिन्दाहरु, ढोरपाटन सामुदायिक स्वास्थ्य इकाइका स्वास्थ्यकर्मीहरु र अन्य सरोकारवालाहरु गरि ३० जनाको उपस्थिति रहेको थियो । प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री टिकाराम भण्डारीको संचालन र ढोरपाटन नगरपालिका वडा नं ९ का वडाअध्यक्ष्य श्री खिम वहादुर घर्ति मगरज्यूको अध्यक्ष्यतामा संचालित उक्त कार्यक्रममा अतिथिहरु र सहभागीहरुलाई कार्यालयका ल्याव टेक्निसियन निरिक्षक श्री डिल्ली प्रसाद आचार्यले स्वागत गर्दै कार्यक्रमको उद्देश्यको वारेमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा जनस्वास्थ्य अधिकृत श्री टिकाराम भण्डारीले नसर्ने रोगको अवस्था, यसका कारणहरु, रोगले समुदाय तथा जनमानसमा पार्न सक्ने असरहरु र रोगहरुलाई नियन्त्रण र रोकथाम गर्नको लागि अपनाउन पर्ने आनी बानी तथा आहार विहार सम्वन्धी जानकारीमूलक जानकारी प्रदान गर्नु भएको थियो भने कार्यालयका ल्याव टेक्निसियन निरिक्षक श्री डिल्ली प्रसाद आचार्यले नसर्ने रोगको स्क्रिनिङ शिविरमा गरिने ल्याव सम्बन्धी परिक्षणहरुको वारेमा प्रकाश पार्नु भएको थियो ।

उक्त कार्यक्रम पस्चात मिति २०८३।०१।०५र०६ गते २ दिन, बुर्तिबाङ अस्पताल, धौलागिरी आयुर्वेद अस्पताल र प्रदेश जनस्वास्थ्य कार्यालय,बागलुङको आयोजना तथा ढोरपाटन नगरपालिकाको समन्वयमा ढोरपाटन नगरपालिका वडा नं ९, पाटनमा अवस्थित ढोरपाटन सामुदायिक स्वास्थ्य इकाई मा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम र मानसिक स्वास्थ्य सम्वन्धी स्क्रिनिङ शिविर सम्पन्न भयो ।कार्यक्रममा पहिलो दिन ०५ गते बुर्तिबाङ अस्पतालका मेडिकल सुपेरिटेन्डेन्ट डा श्री अविनास पोखरेल, MDGP विशेषज्ञ डा श्री दिनेश थापा मगर लगायत मेडिकल अधिकृतहरु र नर्सिङ अधिकृत, पारामेडिक्स अनि प्रयोगशालामा कार्यरत स्वास्थ्यकर्मीहरुले १३४जना स्थानीय सेवाग्राहीहरुको सामान्य स्वास्थ्य परिक्षण, नसर्ने रोग पहिचानको लागि आवश्यक प्रयोगशाला परिक्षणको लागि नमुना संकलन तथा परिक्षण र Video X-ray सेवा समेत प्रदान गर्नु भएको थियो। धौलागिरी आयुर्वेद अस्पताल बागलुङवाट कार्यालयका नि प्रमुख डा श्री कमल विक्रम पौडेल र आयुर्वेद

चिकित्सकहरुले स्वास्थ्य परिक्षण, औषधी वितरण, जीवनशैली परिवर्तन सम्वन्धी परामर्श र योगाभ्यास समेत गराउनु भएको थियो । ढोरपाटन नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख जनस्वास्थ्य अधिकृत श्री भुमिश्वर शर्माले स्वास्थ्य शिविरको महत्वको वारेमा वताउदै सुरक्षित मातृत्व सेवा लगायत अन्य स्वास्थ्य सेवाको अवस्थाको वारेमा जानकारी दिनु भएको थियो । NGDF,SAMBODHAN परियोजनाका सुजन पौडेलले सुरक्षित मातृत्व सेवा लगायत सरसफाईको महत्व र संस्थागत प्रसुतिको वारेमा जानकारी प्रदान गर्नु भएको थियो । मिति २०८३।०१।०६ गतेका दिन प्रयोगशाला परिक्षणवाट प्राप्त नतिजाको वारेमा परामर्श, औषधीको प्रयोग तथा सेवनको जानकारी प्रदान गरिएको थियो । प्रयोगशाला परिक्षणवाट असामान्य नतिजा आएका ३१ जना सेवागहीहरुलाई औषधी उपचार तथा माथिल्लो निकायमा जानु पर्ने सम्वन्धमा परामर्श गरिएको थियो । यो नसर्ने रोग सम्वन्धी शिविरवाट स्थानिय समुदायले स्वास्थ्य अवस्थावारे जानकारी र परामर्श सेवा प्रप्त गरि लाभान्वित भएको महशुश गरियो ।










## स्वास्थ्यकर्मीका लागि MPDSR सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा CPHE (Continue Public Health Education)

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा मिति २०८२/०१/०९ र १० गते निसिखोला गाउँपालिका तथा तमानखोला गाउँपालिकाका २६ जना सहभागीहरुको लागि ढोरपाटन नगरपालिकामा, मिति २०८३/०१/११ र १२ गते ढोरपाटन नगरपालिका तथा बडिगाड गाउँपालिकाका स्वास्थ्यकर्मिमाझ बडिगाड गाउँपालिकामा र मिति २०८३/०१/१६ र १७ गते बरेङ गाउँपालिका तथा ताराखोला गाउँपालिकाका स्वास्थ्यकर्मिमाझ प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङमा स्वास्थ्यकर्मीका लागि MPDSR सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। त्यसैगरी मिति २०८३/०१/२२ र २३ गते स्वास्थ्यकर्मीका लागि MPDSR सम्बन्धी अभिमुखीकरण कार्यक्रम काठिखोला गाँउपालिकामा सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा MPDSR कार्यक्रमको आवश्यकता, निगरानी तथा प्रतिकार्य प्रक्रियाबारे छलफल गरिएको थियो। कार्यक्रमहरुमा

सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे तथा जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले गर्नुभएको थियो।

मिति २०८२/०१/०९  गते निसिखोला गाउँपालिका तथा तमानखोला गाउँपालिकाका २६ जना MPDSR सम्बन्धि अभिमुखिकरणका लागि आएका सहभागीहरुलाई CPHE अन्तर्गत तीन वटा सेसन समेत संचालन गरिएको थियो। २०८३/०१/०९ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख श्री प्रवीण शर्माले "सेवाप्रदायकका लागि स्वःहेरचाह" विषयमा सेसन संचालन गर्नुभएको थियो भने ढोरपाटन नगरपालिकाका जनस्वास्थ्य अधिकृत श्री भुमिश्वर शर्माले घरमा सुत्केरी हुने सम्भावना उच्च रहेका गर्भवती पत्ता लगाउने तरिकाबारे सेसन संचालन गर्नुभएको थियो। त्यसैगरि मिति २०८३/०१/१० मा MPDSR कार्यक्रम अन्तर्गत भर्बल अटप्सी, समीक्षा तथा कार्ययोजना निर्माण सम्बन्धी सेसन संचालन गर्नुभएको थियो।


त्यसैगरी अभिमुखिकरण कार्यक्रममाआएका ढोरपाटन नगरपालिका र बडिगाड गाँउपालिकाका सहभागी माझ CPHE अन्तर्गत दुई वटा सेसन समेत संचालन गरिएको थियो। २०८३/०१/११ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले २०८३/०१/११ मा कोबो कलेक्ट मार्फत यहि बैशाख १५ देखि गरिने पोशन लेखाजोखा अभियान सम्बन्धि सेसन संचालन गर्नुभएको थियो भने २०८३/०१/१२ गते शिशुकेन्द्रित हेरचाह सम्बन्धी सेसन संचालन गर्नुभएको थियो।

MPDSR अभिमुखिकरण कार्यक्रममाआएका बरेङ गाँउपालिका र ताराखोला गाँउपालिकाका सहभागी माझ CPHE अन्तर्गत चार वटा सेसन समेत संचालन गरिएको थियो। २०८३/०१/१६ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले कोबो कलेक्ट मार्फत यहि बैशाख १५ देखि गरिने पोषण लेखाजोखा अभियान सम्बन्धि सेसन तथा जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले "जलवायु परिवर्तनका लैङ्गिक आयाम" शिर्षकमा सेसन संचालन गर्नुभएको थियो। त्यसैगरी मिति २०८३/०१/१७ गते भेटेरिनरी अस्पतालका डा.ऋषिराम सापकोटाले one health मा आधारित रहेर "पशु र मानव स्वास्थ्यको अन्तरसम्बन्ध" सम्बन्धी सेसन संचालन गर्नुभएको थियो भने जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले "शिशुकेन्द्रित हेरचाह" सम्बन्धी सेसन संचालन गर्नुभएको थियो।

काठेखोला गाँउपालिकामा अभिमुखिकरण कार्यक्रममाआएका सहभागी माझ CPHE अन्तर्गत दुई वटा सेसन समेत संचालन गरिएको थियो। २०८३/०१/२३ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले कोबो कलेक्ट मार्फत गरिने पोषण लेखाजोखा अभियान सम्बन्धि सेसन तथा जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले विद्यालयमा लैङिक तथा स्वास्थ्य फोकल पर्सनको आवश्यकता सम्बन्धि सेसन संचालन गर्नुभएको थियो।







Continue Public Health Education
"स्वास्थ्य सेवा प्रदायकको स्व:हेरचाह"















## क्षयरोग कार्यक्रमको कोहर्ट एनालाईसिस तथा योजना तर्जुमा कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा यहि मिति २०८३/०१/११ गतेका दिन क्षयरोग कार्यक्रमको कोहर्ट एनालाईसिस तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ। उक्त अवसरमा क्षयरोगका विरामीको बिश्लेषण गरि DHIS2 तथा ETB रजिष्टरको तथा जिन एक्सपर्ट सेन्टर र माईक्रोस्कोपिक सेन्टरबाट दिईएको सेवा तथा तथ्यांक बारेमा प्रस्तुतिकरण र छलफल गरियो । उक्त कार्यक्रममा दश वटै स्थानिय तहका स्वास्थ्य शाखा प्रमुख एवं प्रतिनिधि,प्रदेश अस्पतालका क्षयरोग र जिन एक्सपर्ट फोकल पर्सन ,नगर अस्पतालका फोकल पर्सन र प्रयोगशालाकर्मीको उपस्थिति रहेको थियो। प्रदेश जनस्वास्वास्थ्य कार्यालय प्रमुख प्रविण शर्माको अध्यक्षतामा सन्चालित कार्यक्रमको सहजिकरण प्रादेशिक जनस्वास्थ्य केन्द्रका क्षयकुष्ठ अधिकृत लक्ष्मण बशौला र बागलुङका देव प्रकाश घिमिरेले गर्नु भएको थियो।





## कुष्ठरोग नियन्त्रण कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा यहि मिति २०८३/०१/१२गतेका दिन कुष्ठरोग नियन्त्रण कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रम बागलुङमा रहेका कुष्ठरोग प्रभावित विरामीको बिश्लेषण गरि DHIS2 को तथ्यांक बारेमा प्रस्तुतिकरण र छलफल साथै कुष्ठरोगको Contract Tracing कसरि गर्ने कहिले गर्ने भन्नेबारेमा योजना समेत बनाईयो। उक्त कार्यक्रममा दश वटै स्थानिय तहका स्वास्थ्य शाखा प्रमुख एवं प्रतिनिधि,प्रदेश अस्पताल,नगर अस्पताल तथा कुष्ठरोग दर्ता भएका स्वास्थ्य संस्था प्रमुखएवं प्रतिनिधि र प्रयोगशालाकर्मीको उपस्थिति रहेको थियो। प्रदेश जनस्वास्वास्थ्य कार्यालय प्रमुख प्रविण शर्माको अध्यक्षतामा सन्चालित कार्यक्रमको सहजिकरण प्रादेशिक जनस्वास्थ्य केन्द्रका क्षयकुष्ठ अधिकृत लक्ष्मण बशौला र बागलुङका देव प्रकाश घिमिरेले गर्नु भएको थियो।




## नसर्ने रोगको नियन्त्रण तथा रोकथाम र मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया तथा स्क्रिनिङ शिविर

मिति २०८३।०१।१९ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङको आयोजना र निसीखोला गांउपालिकाको समन्वयमा वडा नं ३, झिवाखोलामा अवस्थित वोहरागांउ स्वास्थ्य चौकीको सभाहलमा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम र मानसिक स्वास्थ्य सम्वन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरि सम्पन्न भयो । कार्यक्रममा निसीखोला गांउपालिका वडा नं ३ र ४ का जनप्रतिनिधीहरु, शिक्षकहरु, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु, समाजसेविहरु, वडा नं ३ र ४ का वासिन्दाहरु, वोहरागांउ स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरु र अन्य सरोकारवालाहरु गरि ३५ जनाको उपस्थिति रहेको थियो । वोहरागांउ स्वास्थ्य चौकीका हे पो ईन्चाज् जनस्वास्थ्य निरीक्षक अधिकृत श्री टोप वहादुर चन्दको संचालन र निसीखोला गांउपालिका वडा नं ३, का वडाअध्यक्ष्य श्री रमेश विक्रम मल्लज्यूको अध्यक्ष्यतामा संचालित उक्त कार्यक्रममा अतिथिहरु र सहभागीहरुलाई निसीखोला गांउपालिका, स्वास्थ्य शाखाकी प्रमुख श्री जुनी घर्ती मगरले स्वागत गर्दै कार्यक्मको उद्देश्यको वारेमा प्रकाश पार्नुभएको थियो । बुर्तिबाङ अस्पतालका मेडिकल सुपेरिटेन्डेन्ट डा श्री अविनास पोखरेल, MDGP विशेषज्ञ डा श्री दिनेश थापा मगरसहित अन्य मेडिकल अधिकृतहरुको समेत उपस्थिति रहेको कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री टिकाराम भण्डारीले नसर्ने रोगको अवस्था, यसका कारणहरु, रोगले समुदाय तथा जनमानसमा पार्न सक्ने असरहरु र रोगहरुलाई नियन्त्रण र रोकथाम गर्नको लागि अपनाउन पर्ने आनी वानी तथा आहार विहार सम्वन्धी जानकारीमूलक जानकारी प्रदान गर्नु भएको थियो भने कार्यालयका ल्याव टेक्निसियन निरिक्षक श्री डिल्ली प्रसाद आचार्यले नसर्ने रोगको स्क्रिनिङ शिविरमा गरिने ल्याव सम्वन्धी परिक्षणहरुको वारेमा प्रकाश पार्नु भएको गियो । उक्त कार्यक्रम पस्चाव मिति २०८३।०१।२०र२१ गते २ दिन, बुर्तिबाङ अस्पताल, धौलागिरी आयुर्वेद अस्पताल र प्रदेश जनस्वास्थ्य कार्यालय,बागलुङको आयोजना तथा निसीखोला गांउपालिकाको समन्वयमा निसीखोला गांउपालिकाका वडा नं ३, झिवाखोलामा अवस्थित वोहरागांउ स्वास्थ्य चौकीमा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम र मानसिक स्वास्थ्य सम्वन्धी स्क्रिनिङ शिविर सम्पन्न भएको थियो ।कार्यक्रममा पहिलो दिन २० गते बुर्तिबाङ अस्पतालका नि मेडिकल सुपेरिटेन्डेन्ट डा श्री अविनास पोखरेल, MDGP विशेषज्ञ डा श्री दिनेश थापा मगर लगायत मेडिकल अधिकृतहरु र नर्सिङ अधिकृत, पारामेडिक्स अनि प्रयोगशालामा कार्यरत स्वास्थ्यकर्मीहरुले ३१२ जना स्थानीय सेवाग्राहीहरुको सामान्य स्वास्थ्य परिक्षण, नसर्ने रोग पहिचानको लागि आवश्यक प्रयोगशाला परिक्षणको लागि ३०६ नमुना संकलन तथा परिक्षण र Video X ray सेवा समेत प्रदान गर्नु भएको थियो । धौलागिरी आयुर्वेद अस्पताल बागलुङवाट कार्यालयका नि प्रमुख डा श्री कमल विक्रम पौडेल र आयुर्वेद चिकित्सकहरुले स्वास्थ्य परिक्षण, औषधी वितरण, जीवनशैली परिवर्तन सम्वन्धी परामर्श र योगाभ्यास समेत गराउनु भएको थियो ।स्वास्थ्य शाखा प्रमुख लगायत स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीहरुले शिविरमा सेवा प्रदानमा सहयोग गर्नु भएको थियो । वोहरागांउ स्वास्थ्य चौकीका हे पो ईन्चाज् जनस्वास्थ्य निरीक्षक अधिकृत श्रीटोप वहादुर चन्दको संचालन र निसीखोला गांउपालिका वडा नं ३, का वडाअध्यक्ष्य श्री रमेश विक्रम मल्लज्यूको अध्यक्ष्यतामा संचालन भएको थियो । कार्यक्रममा कार्यालयका ल्याव टेक्निसियन निरिक्षक श्री डिल्ली प्रसाद आचार्यले प्रयोगशाला सम्वन्धी कार्यक्ममा सहयोग पुरयाउनु भएको थियो । मिति २०८३।०१।२१ गतेका दिन प्रयोगशाला परिक्षणवाट प्राप्त नतिजाको वारेमा परामर्श, औषधीको प्रयोग तथा सेवनको जानकारी प्रदान गरिएको थियो । प्रयोगशाला परिक्षणवाट असामान्य नतिजा आएका सेवागहीहरुलाई औषधी उपचार तथा माथिल्लो निकायमा जानु पर्ने सम्वन्धमा परामर्श गरिएको थियो ।












## स्वास्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणिकरण सम्बन्धि अन्तरक्रिया कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा मितिः २०८३/०१/२५ मा स्वास्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणिकरण सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विद्यालय नर्स कार्यरत विद्यालयबाट प्रधानअध्यापक ज्युहरु, विद्यालय नर्स, र स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख तथा कार्यक्रम फोकल पर्सनहरुको सहभागिता रहेको थियो। कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका प्रमुख श्री प्रविण शर्माको अध्यक्षता, यस कार्यक्रमको प्रमाणिकरण समितिका सदस्य ज्युहरु जिल्ला समन्वय समितिका अधिकृत कृष्णहरि आचार्य र शिक्षा विकास तथा समन्वय इकाईका अधिकृत दल बहादुर थापा ज्युको उपस्थिति तथा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत समिता घिमिरेको स्वागत मन्तब्य र

जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माको सञ्चालनमा गरिएको थियो। यस कार्यक्रममा मूख्य गरी बालबालिकाको सक्रिय समय मध्यको धेरै समय व्यतित गर्ने स्थान विद्यालय भएकोले विद्यालयहरुलाई बालबालिकाको स्वास्थ्य मैत्री बनाउनका लागि गर्न सकिने क्रियकलापहरु सञ्चालन गर्ने र तोकिएका मापदण्डहरुको वारेमा छलफल गरी मापदण्ड पुरा गराइ विद्यालयलाई स्वास्थ्य प्रवर्धनात्मक बनाउने उद्देश्य राखी जनस्वास्थ्य प्रशासक प्रविण शर्मा र जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माले कार्यक्रमको सहजिकरण गर्नुभएको थियो ।






**नसर्ने रोगको नियन्त्रण तथा रोकथाम र मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया थाय शिविर कार्यक्रम**

मिति २०८३।०१।२६र२७ गते २ दिन, धौलागिरी प्रादेशिक अस्पताल, धौलागिरी आयुर्वेद अस्पताल र प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा जैमिनी नगरपालिकाको समन्वयमा जैमिनी नगरपालिकाको वडा नं ७, वेलवगरमा अवस्थित श्री संस्कृत मा वि को प्राङगणमा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम र मानसिक स्वास्थ्य सम्वन्धी स्क्रिनिङ शिविर सम्पन्न गरिएको छ । धौलागिरी प्रादेशिक अस्पताल, बागलुङका अस्पताल व्यवस्थापन समितिका अध्यक्ष्य श्री श्रीप्रसाद शर्मा ज्यूको अध्यक्ष्यतामा संचालन भएको उक्त कार्यक्रमको प्रमुख अतिथीको रुपमा जैमिनी नगरपालिकाका उप प्रमुख श्री हरिहर शर्मा हुनुहन्थ्यो । धौलागिरी प्रादेशिक अस्पताल,बागलुङका मेडिकल रेकर्डर अधिकृत श्री नवराज शर्माले संचालन गर्नुभएको कार्यक्रममा जनस्वास्थ्य कार्यालय, बागलुङका प्रमुख, जनस्वास्थ्य प्रशासक श्री प्रविण शर्माले नसर्ने रोगको नियन्त्रण तथा रोकथाम र मानसिक स्वास्थ्य सम्वन्धी स्क्रिनिङ शिविरको आवश्यकता, महत्व, यसको रोग नियन्त्रण तथा रोकथाममा महत्वपूर्ण भूमिकाको वारेमा प्रकाश पार्नुभएको थियो भने धौलागिरी आयुर्वेद अस्पतालका निमित्त कार्यालय प्रमुख डा श्री कमल विक्रम पौडेलले जिवनशैली परिवर्तन सम्वनधी जानकारी र योगाभ्यास समेत गराउने वारे जानकारी गराउनु भएको थियो । प्रमुख अतिथीको रुपमा जैमिनी नगरपालिकाका उप प्रमुख श्री हरिहर शमाले शिविरमा सहभागी संपूर्ण विशेषज्ञ चिकित्सकहरु देखि स्वास्थ्यकर्मीहरुलाई खादा लगाई स्वागत गर्दै आफ्नो महत्वपूर्ण मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको अध्यक्ष्यता गर्नुभएका धौलागिरी प्रादेशिक अस्पताल, बागलुङका अस्पताल व्यवस्थापन समितिका अध्यक्ष्य श्री श्रीप्रसाद शर्माज्यूले सवै सरोकारवाला कार्यालयहरुलाई धन्यवाद दिदै आफ्नो महत्वपूर्ण मन्तव्य राख्नुभएको थियो । पहिलो दिन २६ गते धौलागिरी प्रादेशिक अस्पताल, बागलुङका अस्पतालका विशेषज्ञ चिकित्सकहरु लगायत मेडिकल अधिकृतहरु ८ जना सहित नर्सिङ अधिकृत, पारामेडिक्स अनि प्रयोगशालामा कार्यरत स्वास्थ्यकर्मीहरुले १५८ जना स्थानीय सेवाग्राहीहरुको सामान्य स्वास्थ्य परिक्षण, नसर्ने रोग पहिचानको लागि आवश्यक प्रयोगशाला परिक्षणको लागि १५८ नमुना संकलन तथा परिक्षण गर्नु भएको थियो । धौलागिरी आयुर्वेद अस्पताल बागलुङवाट कार्यालयका नि प्रमुख डा श्री कमल विक्रम पौडेल र आयुर्वेद चिकित्सकहरुले स्वास्थ्य परिक्षण, औषधी वितरण, जीवनशैली परिवर्तन सम्वन्धी परामर्श र योगाभ्यास समेत गराउनु भएको थियो ।स्वास्थ्य शाखा प्रमुख लगायत स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीहरुले शिविरमा सेवा प्रदानमा सहयोग गर्नु भएको थियो। कार्यक्रममा कार्यालयका ल्याव टेक्निसियन

निरिक्षक श्री डिल्ली प्रसाद आचार्यले प्रयोगशाला सम्वन्धी कार्यक्ममा सहयोग पुरयाउनु भएको थियो । मिति २०८३।०१।२७ गतेका दिन प्रयोगशाला परिक्षणवाट प्राप्त नतिजाको वारेमा परामर्श, औषधीको प्रयोग तथा सेवनको जानकारी प्रदान गरिएको थियो । प्रयोगशाला परिक्षणवाट असामान्य नतिजा आएका सेवागहीहरुलाई औषधी उपचार तथा माथिल्लो निकायमा जानु पर्ने सम्वन्धमा परामर्श गरिएको थियो । धौलागिरी आयूर्वेद अस्पतालका चिकित्सकहरुले जिवनशैली परिवर्तन सम्वनधी जानकारी र योगाभ्यास समेत गराउनु भएको थियो । २६ गते परिक्षण पश्चात केही औषधि एलोपेथिक तथा आयूर्वेदिक समेत वितरण गरिएको थियो भने, दोश्रो दिन १० जना व्यक्तिहरुको स्वास्थ्य परिक्षण गरिएको थियो । नसर्ने रोग सम्वन्धी शिविरवाट स्थानिय समुदायले स्वास्थ्य अवस्थावारे जानकारी र परामर्श सेवा प्राप्त गरि लाभान्वित भएको महशुश गरियो ।




## महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूका लागि १० दिने आधारभूत तालिम कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना बरेङ गाउँपालिकाको समन्वयमा मिति २०८३/०१/२१ गते देखि सञ्चालन भएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूका लागि १० दिने आधारभूत तालिमको उद्घाटन सत्रको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक श्री प्रविण शर्माले गर्नु भएको थियो । प्रमुख अतिथि बरेङ गाउँपालिकाका प्रमुख प्रसाशकिय अधिकृत श्री बद्रीनाथ पाैडेलले गर्नु भएकाे थियाे ।स्वागत मन्तव्य प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत सुमा कुंवरले राख्नु भएकाे थियाे, कार्यक्रममा बरेङ गाउँपालिकाका स्वास्थ्य सम्याेजक पदम बहादुर पुन,वडा अध्यक्षले मन्तव्य राख्नु भएकाे थियाे।कार्यक्रममा कार्यक्रम संचालन प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ सि.म.इ कमला थापाले गर्नु भएकाे थियाे।मिति २०८३।०१।३० गतेका दिन सम्पन्न भएकाे छ।उक्त कार्यक्रममा बरेङ गाउँपालिकाका स्वास्थ्य संयाेजक श्री पदम बहादुर पुनकाे अध्यक्षता रहेको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका सिनियर मलेरिया इन्स्पेक्टर कमला थापा, सुखाैरा स्वास्थ्य चाैकी सि.अ.न.मी. सरला पुन, बाटाकाचाैर स्वास्थ्य चाैकी परिवार सहित बरेङ गाउँपालिका भित्रका १,२,३,४ र ५ नं वडाहरुबाट आधारभुत तालिम लिन बाँकी १६ जना महिला सामुदायिक स्वास्थ्य स्वयमसेवीकाहरूकाे उपस्थिति रहेको थियो। यस कार्यक्रममा समन्वय गरिदिई सम्पन्न गर्न सहयाेग गर्दिनु भएकाेमा बरेङ गाउँपालिका, सम्पूर्ण स्वास्थ्य संस्था तथा १० दिन सम्म प्रशिक्षककाे भुमिकामा रहि महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरूकाे तालिम सम्पन्न गर्न सहयाेग गर्नु हुने सम्पूर्ण प्रशिक्षक ज्यूहरूलाई धन्यवाद ब्यक्त गर्दछौं ।

यस १० दिने आधारभूत तालिम कार्यक्रम पश्चात् महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले आफ्नो समुदाय तथा अन्य निकायमा गर्नुपर्ने काम कर्तव्य तथा भूमिकाहरू प्रभावकारी ढंगले गर्न सक्ने गरि उनीहरूकाे सीप तथा क्षमता विकास गर्ने उद्देश्यले यस तालिमकाे सञ्चालन गरिएकाे छ।









## महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूका लागि ४ दिने पुनर्ताजगी तालिम कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना जैमिनि नगरपालिका तथा छिस्ती स्वास्थ्य चकीकोसमन्वयमा मितिः २०८३/०१/२६गते देखि २०८३/०१/२९ सम्म सञ्चालन भएकको महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूका लागि ४ दिने पुनर्ताजगी तालिमकको समाप्न सत्रकको अध्यक्षता जैमिनि नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक तिर्थ पौडेल ज्यूको रहेको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत समिता घिमिरेले मन्तव्य राख्नु भएको थियो। यस ४ दिने तालिमको मुख्य प्रशिक्षक सर्कुवा स्वास्थ्य चौकी प्रमुख जनस्वास्थ्य निरिक्षक डिल बहादुर थापा छिस्ती स्वास्थ्य चौकी परिवार सहित जैमिनि नगरपालिका वडा नं ८ का पुनर्ताजगी तालिम लिनुहुने ९ जना महिला सामुदायिक स्वास्थ्य स्वयमसेवीकाहरूको उपस्थिति रहेको थियो। यस कार्यक्रममा समन्वय गरिदिई सम्पन्न गर्न सहयोग गर्दिनु भएकोमा जैमिनि नगरपालिका, छिस्ती स्वास्थ्य चौकी तथा ४ दिन सम्म प्रशिक्षकको भुमिकामा रहि महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरूको तालिम सम्पन्न गर्न सहयोग गर्नु हुने सम्पूर्ण प्रशिक्षक ज्यूहरूलाई धन्यवाद ब्यक्त गर्दछौं ।

यस ४ दिने पुनर्ताजगी तालिम कार्यक्रम पश्चात् महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले परिमार्जन भएका स्वास्थ्यका कुराहरू पुनर्ताजगी गर्ने उद्देश्यले यस तालिमको सञ्चालन गरिएको छ।





# बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा बैशाख महिनामा सम्पादित कार्यक्रम


## बागलुङ नगरपालिका

- स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा एवं डाटा भेरिफिकेसन बैठक
- पोषण लेखाजोखा तथा सूक्ष्म योजना तर्जुमा कार्यक्रमको अभिमुखीकरण
- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि वितरण अभियान
- वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक
- ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाहरूको लागि. राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रम
- पूर्ण खोपको दिगोपना सुनिश्चितताका लागि वडा स्तरीय cross verification
- बाग्लुङ नगरपालिका अन्तर्गतका १४ वटै वडा पूर्णखोप दिगोपना सुनिश्चित भएको घोषणा सम्पन्न
- एनटिडी सम्बन्धी सामुदायिक महिला स्वयंसेविकाहरूलाई अभिमुखीकरण तालिम
- बाग्लुङ नगरपालिकामा वार्ड नम्बर ७ मा सम्बोधन परियोजनाको सहयोगमा हरियो खर्क अस्पतालको प्राविधिक सहयोग र प्रदेश जनस्वास्थ्य कार्यालयको समन्वयमा कुष्ठरोगलाई लक्षित गरी छाला रोग सम्बन्धी विशेषज्ञ शिविर सञ्चालन
- रक्त अल्पता तथा कुपोषण नियन्त्रणको लागि विद्यालय स्तर र समुदायस्तरमा बृहत स्वास्थ्य शिक्षा कार्यक्रम
- क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम




## गलकोट नगरपालिका

- गलकोट नगरपालिका अन्तर्गतका दुदिलाभाटी स्वास्थ्य चौकी,काँडेबास स्वास्थ्य चौकी, मल्म स्वास्थ्य चौकी र हटिया स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड मुल्यांकन कार्यक्रम सम्पन्न गरिएको छ।
- गलकोट नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा पोषण लेखाजोखा कार्यक्रम अन्तर्गत ५९ महिना सम्मका बालबालिकाहरुको पोषण स्थिति मापन र सुनौलो हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- गलकोट नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले चैत महिनामा सम्पन्न गरेका कार्यहरुको प्रगति प्रतिवेदन तथा अन्य विविध विषयमा छलफल सहित माषिक बैठक सम्पन्न गरियो ।
- राष्ट्रिय स्तरमा संचालित भिटामिन ए तथा जुकाको औषधी सेवन कार्यक्रम अन्तर्गत ६ महिना देखि ५९ महिना सम्मका सम्पूर्ण बालबालिकालाई भिटामिन ए र १ बर्ष देखि ५ बर्ष सम्मका सम्पूर्ण बालबालिकालाई जुकाको औषधी सेवन कार्यक्रम महिला सामुदायि स्वास्थ्य स्वयं सेविका तथा स्वास्थ्य कर्मीको संक्रियता सम्पन्न गरिएको छ।
- पूर्णखोप पालिका तथा जिल्ला घोषणाका लागि नगरपालिका अन्तर्गतका वडाहरुमा पूर्णखोप वडा घोषणा कार्यक्रम संचालनमा रहेको ।
- जेष्ठ नागरीक लक्षित कार्यक्रम अन्तर्गत घरघरमै स्वास्थ्यकर्मिद्वारा रगतमा सुगरको मात्र,रक्तचाप, उचाई अनुसारको तौल (BMI) मापन तथा




पिसाबमा प्रोटिनको मात्रा, आँखा जाँच लगाएतका परिक्षण कार्यक्रम संचालन गरिएको छ ।

- क्षयरोग मुक्त पालिका अभियान अन्तर्गत समुदाय स्तरमा रहेका क्षयरोगका जोखिम समुह, सम्भावित क्षयरोगका बिरामी तथा क्षयरोगीका परिवारका सदस्यहरुको घरघरमा स्वास्थ्यकर्मीद्वारा क्षयरोग परिक्षणका लागि नमुना संकलन कार्यक्रम संचालन गरिएको छ ।
- स्वास्थ्य संस्थाहरुबाट किशोरकोशिरीमैत्री सेवा विस्तारका लागि स्वास्थ्य संस्थाको तयारी अवस्थाको अनुगमन गरिएको छ ।

## जैमिनी नगरपालिका

- पालिका भित्र १० वटा वडामा पुर्णखप सुनिश्चितता तथा दिगोपना घोषणाको काम सम्पन्न
- ६-५९ महिनाका बालबालिकामा पोेषण लेखाजोखाको कार्यक्रम सम्पन्न
- राष्ट्रिय भिटामिन ए कार्यक्रम सम्पन्न
- दिर्घरोगिहरुका लागि औषधि उपचार खर्च (३ महिनाका लागि) भुक्तानि तयारि
- औषधि खरिद प्रकृयामा (दोस्रो बिड)ठेक्का खोलि ल्याउने तयारि।
- जैमिनि न पा को समन्वय र प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजना जैमिनि
- बेलबगर मा नसर्ने रोगको स्क्रिनिङ शिविर
- प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजना र न पा को समन्वयमा छिस्ति स्वास्थ्य चौकिमा म सा स्वा स्वयसेविकाको पुनर्ताजिकि तालिम
- विनामारे स्वास्थ्यचौकिमा MSS सम्पन्न

## ढोरपाटन नगरपालिका

- जनताको स्वास्थ्य संग नगर उप प्रमुख कार्यक्रम सन्चालन।
- रास्ट्रीय भिटामिन ए तथा जुकाको औषधि खुवाउने अभियान सन्चालन।
- ६-५९ महिनाको बालबालिकाहरुको समुदाय स्तरमा पोषण लेखाजोखा कार्यक्रम सन्चालन
- पुर्ण खोप वडा सुनिस्चितता तथा दिगोपना घोषण कार्यक्रम सम्पन्न।
- ३ वटा स्वास्थ्य चौकिहरुको न्युनतम सेवा मापदण्ड अनुगमन, फ्लोअप तथा समिती अभिमुखिकरण सम्पन्न।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत Anemia screening, चर्पी निर्माण इत्यादी।
- CBIMNCI onsite coaching
- स्वास्थ्यकार्यलयको आयोजनामा नसर्ने रोगको screening तथा अभिमुखिकरण ।

## निसिखोला गाउँपालिका

- मासिक समीक्षा बैंकक सन्चालन

## बडीगाड गाउँपालिका

- एकिकृत जनस्वास्थ्य अभियान कार्यक्रम संचालन

- पुर्ण खोप सुनिस्चित तथा दिगोपना पालिका घोषण कार्यक्रम सप्पन्न
- MSS कार्यक्रम सन्चालन ।
- प्रजनन रुग्णता कार्यक्रम सन्चालन
- राष्ट्रिय भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्नता ।
- पोषण लेखाजोखा कार्यक्रम सम्पन्नता
- मातृ तथा नवशिशु कार्यक्रमको अनसाईड कोचिङ सन्चालन
- MPDSR कार्यक्रम सम्पन्नता ।

- आधारभुत स्वास्थ्य सेवा केन्द्र बडिगाड १० लाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा
- राष्टिय भिटामिन ए तथा जुकाको औषधि खुवाउने अभियान सन्चालन।
- ६-५९ महिनाको बालबालिकाहरुको समुदाय स्तरमा पोषण लेखाजोखा कार्यक्रम सन्चालन
- पुर्ण खोप वडा सुनिस्चितता तथा दिगोपना घोषण कार्यक्रम संचालनमा
- २ वटा स्वास्थ्य चौकिहरुको न्युनतम सेवा मापदण्ड अनुगमन, फ्लोअप तथा समिती अभिमुखिकरण कार्यक्रम संचालन
- मासिक बैठक तथा डाटा भेरिफिकेसन समीक्षा बैठक संचालन

## काठेखोला गाउँपालिका

- मासिक समीक्षा तथा डाटा भेरिफिकेशन एवं भ्यालिडेशन कार्यक्रम संचालन
- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि खुवाउने अभियान संचालन
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा कार्यक्रम
- सुनौला हजार दिनका आमाहरु साथै ५ वर्ष मुनिका बालबालिहरुको समुदायस्तरमा पोषण लेखाजोखा कार्यक्रम संचालन
- नसर्ने रोग पहिचानका लागि निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम संचालन
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुका लागि उष्णप्रदेशिय रोगहरु (NTDs) सम्बन्धि २ दिने आधारभुत तालिम कार्यक्रम सम्बोधन परियोजना, फेयरमेड, एन जि एफ बागलुङको सहयोगमा संचालन गरिएको
- सबै स्वास्थ्य संस्थाहरुमा RUSG कार्यक्रम संचालन गरीएको
- स्वास्थ्य चौकीमा स्याटेलाइट कार्यक्रम संचालन
- किशोर किशोरी मैत्री स्वास्थ्य संस्था निर्माण सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन

## बरेङ गाउँपालिका

- स्थानीय तह स्तरीय पुर्णखोप समन्वय समितिको बैठक बसी सबै वडाहरुलाइ पुर्णखोप सुनिश्चितता दिगोपना कायमै रहेको वडा प्रमाणिकरण र स्थानीय तह प्रमाणिकरणको लागि जिल्ला खोप समन्वय समितिमा सिफारिस
- पुर्णखोप सुनिश्चितता दिगोपनाको लागि स्थानीय तह स्तरीय नमुना सर्वेक्षण
- प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजनामा नयाँ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि १० दिने आधारभुत आवासिय तालिम
- प्रदेश जनस्वास्थ्य कार्यालयको प्राविधिक सहयोग र सम्बोधन परियोजना सङ्गको साझेदारीमा सबै स्वास्थ्यचौकीहरुमा "स्वास्थ्यचौकीहरुको न्युनतम सेवा मापदण्ड MSS फलो अप मूल्यांकन"
- धुल्लुबाँस्कोट स्वास्थ्यचौकीमा मासिक समिक्षा तथा डाटा भेरिफिकेसन
- सबै स्वास्थ्यचौकीहरुमा MPDSR अभिमुखिकरण
- मृगौला तथा क्यान्सर रोगीहरुलाइ मासिक उपचार खर्च भुक्तानी
- मृगौलाको अवस्था पत्ता लगाउन वडा नं १ र ५ मा ४० बर्ष नाघेका मानिसहरुको रक्त नमूना संकलन गरि Serum creatinine परिक्षण

- PAMS V2 सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन
- CBIMNCI को On Site Coaching कार्यक्रम संचालन
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुद्वारा ५ बर्ष मुनिका बालबालिकाहरुलाइ भिटामिन ए र जुकाको औसधि वितरण।
- सुनौला १००० दिनका आमा तथा बालबालिकाहरुको पोषण अवस्था पत्ता लगाउन पोषण लेखाजोखा
- सल्यान स्वास्थ्यचौकीद्वारा सल्यान सुखौरा मा बि मा नाक, कान, घाटीँ, मुख र आँखा स्वास्थ्य सम्बन्धि स्वास्थ्य शिक्षा र परिक्षण

| तमानखोला गाउँपालिका | ताराखोला गाउँपालिका |
|---|---|

**तमानखोला गाउँपालिका**

- स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा , डाटा भेरिफिकेसन तथा भ्यालिडेसन
- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि वितरण
- लाम्मेलाा आधारभूत स्वास्थ्य सेवा केन्द्रको एकिकृत अनुगमन तथा पृष्ठपोषण
- समुदायस्तरमा ५ बर्षमुनिका बालबालिकाहरुको पोषण लेखाजोखा
- महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई MPDSR समबन्धी अभिमुखिकरण
- क्षयरोग कार्यक्रमको अर्धबार्षिक समीक्षा
- तमानखोला गाउँपालिकाको आयोजना, प्रादेशिक स्वास्थ्य तालिम केन्द्र, पोखराको सहजिकरण र धौलागिरी प्रादेशिक अस्पताल बागलुङको प्राबिधिक सहयोगमा तमानखोला गाउँपालिका अन्तरगतका स्वास्थ्यकर्मीहरुलाई Basic Life Support तथा Primary Trauma Care सम्बन्धी तालिम सञ्चालन




**ताराखोला गाउँपालिका**

- हिल स्वास्थ्य चौकीमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सम्पन्न
- राष्टिय भिटामिन ए तथा जुकाको औषधी वितरण कर्यक्रम सम्पन्न
- ६-५९ महिनाका वालवालिकाहरुको समुदाय स्तरमा पोषण लेखाजोखा कार्यक्रम सम्पन्न
- मासिक समिक्षा तथा डाटा भेरीफिकेशन कार्यक्रम
- पालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा MPDSR कार्यक्रमको म स्वा से लाई अभिमुखिकरण तथा वडा स्तरिय समिति गठन कार्यक्रम सम्पन्न
- पोषण सम्वन्धी विधालय तथा समुदाय स्तरमा स्वास्थ्य शिक्षा तथा पोषण नाङगलो प्रदर्शनी कार्यक्रम
- क्षयरोग कार्यक्रमको अन साइट कोचिङ कार्यक्रम ताराखोला स्वास्थ्य चौकी तथा दोगाडी आधारभुत स्वास्थ्य सेवा केन्द्रमा






राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र






# हान्टाभाइरस सम्बन्धी जानकारी

**सचेत रहौं, सुरक्षित रहौं**



## नेपालमा हालको अवस्था

- हालसम्म नेपालमा हान्टाभाइरस **संक्रमण पुष्टि भएको छैन** ।
- हाल चर्चामा रहेको हान्टाभाइरस समूहको **"एन्डिज भाइरस"** बाट संक्रमित हुने मुसा नेपालमा **सामान्यतया नपाइने** भएकाले नेपालमा यसको तत्काल **जोखिम अत्यन्त न्यून** रहेको छ ।

## हान्टाभाइरस के हो ?

हान्टाभाइरस एक दुर्लभ भाइरल रोग हो, जुन मुख्यतया संक्रमित मुसाको:

- पिसाब
- दिसा
- र्‍याल



**वा तिनीहरूले दूषित बनाएको वातावरणसँगको सम्पर्कमा आउँदा मानिसमा संक्रमण हुन सक्छ ।**

## के मानिसबाट मानिसमा सर्छ ?

वैज्ञानिक अध्ययनअनुसार मानिसबाट मानिसमा संक्रमण सीमित अवस्थामा मात्र सम्भव हुन्छ र सामान्यतया अत्यन्त नजिकको सम्पर्कमा मात्र संक्रमणको सम्भावना रहन्छ ।



अत्यन्त नजिकको सम्पर्कमा मात्र

## सुरक्षित रहन अपनाऔं यी सावधानी



✔ घर तथा वरपरको वातावरण सफा राखौं



✔ मुसा प्रवेश गर्ने सम्भावित स्थान बन्द गरौं



✔ मुसाको फोहोर सफा गर्दा मास्क तथा पञ्जा प्रयोग गरौं



✔ हात साबुनपानीले नियमित धुने बानी बसालौं



✔ ज्वरो, श्वासप्रश्वासमा समस्या वा अन्य असामान्य लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं

## अनुरोध

- अफवाहमा नपरौं ।
- अनावश्यक आतंक सिर्जना नगरौं ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा आधिकारिक निकायबाट जारी सूचनामात्र विश्वास गरौं ।







## थप जानकारीका लागि

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नि:शुल्क हटलाइन

**हेल्लो स्वास्थ्य ११११५** मा सम्पर्क गरौं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र




## सुझाव र प्रतिक्रियाका लागि

baglungdho@gmail.com

hobaglung.gandaki.gov.np

068-520308

प्रकाशित मितिः जेस्ठ १, २०८३